# बनेपा नगर-कार्यपालिकाको कार्यालय

# बनेपा नगरपालिका

बनेपा, काभ्रे

बनेपा नगरपालिका क्षेत्रभित्र

## व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालनार्थ

## शिलबन्दी बोलपत्र फारम

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# शिलबन्दी दरभाउपत्रको निवेदन पत्र

मिति : २०७९/    /

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,

बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक ।

**विषय : बनेपा नगरपालिका क्षेत्रभित्र व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्ने सम्बन्धमा ।**

महोदय,

उपयुक्त सम्बन्धमा त्यस कार्यालयको मिति २०७९/०१/२३ मा प्रकाशित भएको सूचना अनुसार बनेपा नगरपालिका क्षेत्रभित्र व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्ने प्रयोजनका लागि यस आर्थिक वर्ष २०७८/७९ को लागि न्यूनतम रकम बोल कबोलका आधारमा लिनका लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोली यो निवेदन पेश गरेको छु । साथै त्यस नगरपालिकाद्धारा निर्देशित शर्त तथा नियमहरु पालना गर्नेछु ।

१. रु दशको १ थान टिकट टाँस गरेको छु ।

२. मैले उल्लेखित बनेपा नगरपालिका क्षेत्रभित्र व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्ने प्रयोजनका लागि न्यूनतम शुल्क रु .......................... (अक्षरुपी रु ...................................... ....................मात्र) रकममा बोल कबोल गर्दछु ।

३. धरौटी बापत त्यस नगरपालिका कार्यालयको नेपाल बैंक लिमिटेड, बनेपा शाखा स्थित धरौटी खाता नं. १५०३००००१००००००००१ खातामा जम्मा गरेको रु .......................... (अक्षरुपी रु ..........................................................मात्र) बैंक भौचर संलग्न छ ।

४. नागरिकता प्रमाणपत्रको प्रतिलिपी/संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न छ ।

५. मैले नगरपालिकालाई तिर्नु/बुझाउनुपर्ने कुनै रकम तिर्न बुझाउन बाँकी छैन ।

**निवेदकको**

नाम, थर :

ठेगाना :

स्थायी :

अस्थायी :

सम्पर्क नं. :

इमेल ठेगाना :

| दायाँ | बायाँ |
|---|---|
| | |

..........................

हस्ताक्षर

## शर्तहरु

१. सिलबन्दी दरभाउपत्र फारम बनेपा नगरपालिकाको राजश्व शारखाबाट रु १००० (पछि फिर्ता नहुनेगरी ) तिरी प्राप्त गर्न सकिने छ । आशयपत्र पेश गरेका फर्महरुको हकमा आशयपत्रको लागि बुझाएको रसिद मान्य हुने ।

२. यो कार्यक्रमको अवधि २०७९ असार २५ सम्म मात्र रहने छ ।

३. यो कार्यक्रम बनेपा नगरपालिकाको १४ वटै वडामा सञ्चालन गर्नुपर्नेछ ।प्रत्येक वडामा तीन दिन सेवा प्रदान गर्नुपर्नेछ । प्रत्येक वडामा तीन वटा सेवा केन्द्र राख्नुपर्ने र प्रत्येक सेवा केन्द्रमा तीन जना कर्मचारी विहान १० बजेदेखी ५ बजेसम्म सेवा प्रदान गर्नुपर्नेछ ।

४. सेवा प्रदान अनलाईन प्रविधिमार्फत गर्नुपर्नेछ । यसका लागि आवश्यक कम्प्युटर , इन्टरनेट, प्रिन्टर, सहितका अन्य आवश्यक कागजपत्रहरु स्वयमले व्यवस्था गर्नुपर्नेछ ।

५. यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले पन्ध्रौ दिन कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र सोह्रौं दिन दिनको १२:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ । साथै दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:१५ बजे यस कार्यालयमा खोलिने छ ।

६. सिलबन्दी दरभाउपत्र दाताले नेपाली नागरिकताको प्रमाण पत्र, दर्तावाल संस्थाका हकमा संस्था दर्ता तथा नविकरणको प्रमाण पत्र, स्थायीलेखा नम्बर प्रमाण पत्र र २०७७।०७८ सम्मको कर चुक्ता प्रमाण पत्र पेश गरेको हुनुपर्ने छ ।

७. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ ।

८. सिलबन्दी दरभाउपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।

९. सिलबन्दी दरभाउपत्र दाताले आफुले कबोल गरेको कबोल रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।

१०. सिलबन्दी दरभाउपत्र दाताले न्युनतम कबोल अंकमा नवढाई रकम कबोल गर्नुपर्नेछ ।

११. न्युनतम कबोल अंक भन्दा बढी कबोल गरेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. सिलबन्दी दरभाउपत्र दाताले आफुले कबोल गरेकौ कुल रकमले हुन आउने रकमको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको धरौटी हिसाब नं. ०१५०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा संलग्न गरेको हुनुपर्ने छ ।

१३. सिलबन्दी दरभाउपत्र दाताले कबोल अंक रकमको सत-प्रतिशतले हुन आउने रकम बराबरको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट मिति २०७९ साल असार ३० गते सम्मका लागि यस कार्यालयका पक्षमा जारी भएको कार्य सम्पादन जमानीपत्र (बैंक ग्यारेण्टी) पेश भएपछि मात्र संझौता हुनेछ ।

१४. स्वीकृत सिलबन्दी दरभाउपत्रलाई संझौताका लागि दिएको म्याद भित्र उपस्थित भई संझौता नगरेमा राखिएको धरौटी जफत हुनेछ ।

१५. स्वीकृत सिलबन्दी दरभाउपत्रदाताले राखेको धरौटी संझौता अवधि भरका लागि धरौटीकै रुपमा रहने छ ।

१६. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१७. ठेक्का संझौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय मान्य हुनेछ ।

१८. कुनै पनि बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।